# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (५नं. प्रदेश , नेपाल )
### तौलिहवा, कपिलवस्तु

फोन ०७६–५६०३०५/५६०२०१
फ्याक्स ०७६–५६००१९

पत्र संख्या :- २०७५/२०७६ राजश्व शाखा मिति २०७६/०२/२३

सुचना । सुचना ॥ सुचना ॥।

प्रथम पटक प्रकाशित मिति २०७६/०२/२३

डाक बढाबढ हुने स्थान :- कपिलबस्तु नगरपालिका कार्यालयमा

कपिलबस्तु नगरपालिका अन्तर्गत वडा नं.०३ बरगदवा गाउको उत्तरमा रहेको [redacted] माछा पोखरीमा माछा पालन गर्नलाई ठेक्कामा दिनु पर्ने भएकोले तपसील अनुसार तपसीलको मिति र स्थानमा डाक बढाबढ हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

| क.सं. | वडा नं. | मौजा | पोखरी संख्या | गाउको नाम | ठेक्का अवधी | न्यूनतम डांक अंक | डाक बढाबढ हूने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | २ | बरगदवा गाउको उत्तर रहेको माछा पोखरी | २ | बरगदवा | २०७६ साल श्रावण २०८१ अषाढ मसान्त सम्म | ४४,०००/ (अक्षरेपी चौवालिस हजार मात्र) | २०७६/०३/०५ गते दिनको २:०० बजे देखि ४:०० बजे सम्म |

शर्तहरु

१) ठेक्का अवधी तपसीलमा उल्लेख भए अनुसार हुनेछ ।
२) डांक बढाबढ गरी कबोल गरेको ठेक रकमको पहिलो किस्ता सम्झौता गर्नु पुर्व बुझाउनु पर्नेछ साथै बांकी किस्ताको लागी यस कार्यालयलाई मान्य हुने गरी बैङ्क ग्यारेण्टी वा धनजमानी लिखित रुपमा पेश हुन आए पछि मात्र ठेक्का सम्झौता गरी पट्टा (भोग चलन) गर्न पाईनेछ ।
३) माछा पोखरीको पानी कृषि कार्यको लागि आवश्यक भएमा पोखरीको बीचमा ४ (चार फिट) सम्म कायम राखी सो भन्दा माथीको हकमा रोक्का गर्न पाईने छैन ।
४) गाई बस्तु तथा अन्य चौपाया आदिलाई पानी खाना दिनु पर्नेछ ।
५) पोखरीको सरसफाई, मर्मत सुधार ठेकेदार आफैले गर्नु पर्नेछ ।
६) माछा पोखरी ठेक्का सम्बन्धमा कुनै बाद बिबाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम भई मान्य हुनेछ ।
७) माछा पोखरीको वातावरण प्रतिकुल प्रभाव पर्ने कुनै कार्य गर्न पाईने छैन र माछाको रेखदेख, सुरक्षा, संरक्षण ठेकेदार आफैले गर्नु पर्नेछ ।
८) कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनहा तथा कुनै किसिमको छुट पनि दिईने छैन ।
९) ठेक्का अवधी भित्र जुनसुकै आर्थिक बर्षमा एक पटक मात्र पोखरी मर्मतको लागी फाल्गुन देखि जेष्ठ सम्म नगरपालिकाले सूचना दिएमा पोखरी खाली गर्नु पर्नेछ । ४ (चार) महिनाको लागी मर्मत कार्यलाई ध्यानमा राखी सोही अनुसार न्युनतम मुल्यांकन कायम गरिएको हुदा यस कार्यबाट कुनै बाधा उत्पन्न भएको भनि ठेक्का अंक मिन्हा गर्न नगरपालिका बाध्य हुने छैन ।
१०) यसमा लेखिएका जति शर्तहरु यसै बमोजिम हुनेछ । यसमा कुनै कुरा छुट हुन गएको भए छुट भएको जति मात्र प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत